

# औषधिद्वारा गरिने सुरक्षित गर्भपतन




## परिचय

विश्व स्वास्थ्य संगठनले (WHO) ले औषधिको प्रयोगद्वारा गरिने गर्भपतन सुरक्षित र प्रभावकारी भएको प्रमाणित गरेको छ । औषधिद्वारा गरिने गर्भपतनका लागि प्रयोग हुने औषधिहरू मेफिप्रीस्टोन (Mifepristone) र मिजोप्रोष्टोल (Misoprostol) को संयुक्त रुपमा पाइने combi-pack को प्रयोग सुरक्षित र प्रभावकारी छ । महिलाहरूले यी औषधिहरूको प्रयोग गरी सुरक्षित गर्भपतन सम्बन्धि प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न सक्नेछन् ।

नेपालको कानून बमोजिम औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन गर्भ रहेको १० हप्ता भित्र गर्न सकिन्छ ।

## सुरक्षित गर्भपतनको लागि औषधि सेवन गर्ने तरिका

### १ मेफिप्रीस्टोन (Mifepristone)

मेफिप्रीस्टोन 200 mg (१ चक्की) लाई पहिलो दिनमा मुखबाट पानीले निल्नुहोस् । मेफिप्रीस्टोन औषधि प्रयोग गरेको आधा घण्टाभित्र वान्ता भएमा पुन: यस औषधिको प्रयोग गर्नुहोस् ।



### २ मिजोप्रोष्टोल (Misoprostol)

मेफिप्रीस्टोन लिएको २४ देखि ४८ घण्टामा मिजोप्रोष्टोल 800mg (200mg को ४ चक्की) एकै पटक जिब्रो मुनी वा गाला र गिजाको बीचमा राखेर आधा घण्टासम्म नबोली बस्नुहोस् । आधा घण्टापछि यदि औषधीका केही अंशहरु बाँकी रहन गएमा पानीसँग निल्नुहोस् र दुखाइ कम गर्ने औषधी (Ibuprofen 400 mg) एक चक्की खानुहोस् । यदि दुखाई कम नभएमा उक्त औषधी ६-६ घण्टाको फरकमा १ चक्की फेरी खान सक्नु हुन्छ ।



गाला र गिजाको बीचमा राख्ने तरिका



जिब्रो मुनि राख्ने तरिका

## अपेक्षित असरहरू

४ चक्की औषधि प्रयोग गरेको ४-५ घण्टापछि गर्भपतन हुनको लागि निम्न अपेक्षित असरहरू हुन्छन्:

- तल्लो पेट दुख्ने र बाँउडिने ।
- सामान्यतया महिनावारी भएको बेलाभन्दा बढी रक्तश्राव हुन्छ तर कहिलेकाँही भने कम पनि हुन सक्छ ।
- योनीबाट चिप्लो, सेतो वा गुलाबी रङको तरल पदार्थ बाहिर निस्कन्छ ।



## सेवाग्राहीले स्वास्थ्य संस्थामा तुरुन्तै सर्म्पक गर्नु पर्ने अवस्थाहरु

- धेरै रक्तश्राव हुनु (एक घण्टामा २ वटा वा लगातार दुई घण्टामा ४ वटा प्याड भिज्ने गरि रगत बगेमा)
- Misoprostol औषधिको लिएको १ दिनपछि १००°F भन्दा बढी ज्वरो आएमा
- रगत जाँदै नगएमा वा थोपा थोपा रगत मात्र गएमा
- दुखाई कम गर्ने औषधि खाएर पनि तल्लो पेट सहनै नसक्ने गरि लगातार दुखेमा

## गर्भपतन पश्चात् गर्भ निरोधको साधनको प्रयोगको आवश्यकता

गर्भपतन पश्चात् महिला छिट्टै (८ दिनमा) गर्भवती हुन सक्ने भएकोले गर्भपतन सेवा लिईसकेपछि सेवाग्राहीहरुले आफुलाई इच्छा लागेको र आवश्यकता भएको गर्भ निरोधक साधन प्रयोग गर्नु पर्दछ । गर्भ निरोधक साधनहरु सरकारी स्वास्थ्य संस्थामा नि:शुल्क पाईन्छ ।

## नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभागले सुरक्षित गर्भपतन सेवाका लागि स्विकृत गरिएको औषधिहरुको नामावली (२०७८ माघ मसान्तसम्म)

- Medabon (Sun Pharmaceuticals)
- Pregno Kit (Om Pharmaceuticals)
- Mifeso (Acme Formulation Pvt Ltd)
- Mukty MTP Kit (Eskag Pharma Pvt. Ltd)
- MTP Kit (Cipla)
- Syno-Pill (SYNOKEM Pharmaceutical)
- Antipreg Kit (Intas Pharmaceuticals Ltd)

Ipas NEPAL Partners for Reproductive Justice

FWLD
अविभेद र समानताका लागि कार्यरत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं